लुम्बिनी साँस्कृतिक नगरपालिका

# स्थानीय राजपत्र

खण्डः २ संख्याः ४ मितिः २०७६।९।२३

भाग-२

# लुम्बिनी साँस्कृतिक नगरपालिकाको करारमा शिक्षक नियुक्तिका लागि अपनाइने कार्यविधी

लुम्बिनी साँस्कृतिक राजपत्र

२०७६

लुम्बिनी साँस्कृतिक नगरपालिका

स्थानीय राजपत्र

खण्डः २ संख्याः ४ मितिः २०७६।९।२३

भाग-२

**लुम्बिनी साँस्कृतिक नगरपालिका**
**लुम्बिनी, रुपन्देही**
**लुम्बिनी प्रदेश, नेपाल**

# लुम्बिनी साँस्कृतिक नगरपालिकाको करारमा शिक्षक नियुक्तिका लागि अपनाइने कार्यविधी २०७६

स्थानिय सरकार सन्चालन ऐन २०७४ को दफा १०२ उपदफा (१) बमोजिम लुम्बिनी सासकृतिक नगरपालिका नगर कार्यपालिका एवम् नगर सभाबाट पारित गरि सर्वसाधारणको जानकारीका लागि कार्यविधि प्रकाशित गरिएको छ ।

स्वीकृत मितिः२०७६/९/२३

**प्रस्तावनाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयन गर्ने लुम्बिनी साँस्कृतिक नगरपालिकाको शिक्षा ऐन २०७५ को दफा ४९ (क) ले दिएको अधिकार प्रयोग गरी प्रभावकारी र जवाफदेही शिक्षक व्यवस्थापन मार्फत् शैक्षिक गुणस्तर सुधार गर्ने नगरपालिका बोर्डले करारमा शिक्षक नियुक्तिका लागि देहायबमोजिम



Scanned with CamScanner

कार्यविधी तयार गरेको छ । यो कार्यविधी लुम्बिनी साँस्कृतिक नगरपालिका क्षेत्रभित्र अनुमित वा स्वीकृति प्राप्त गरी सञ्चालनमा रहेका सामुदायिक विद्यालय र मदरसाहरूमा कार्य गर्ने शिक्षक र बालविकास सहजकर्ता छनोटमा लागु हुनेछ ।

**संक्षिप्त नाम र प्रारम्भः**

यस कार्यविधीको नाम **"लुम्बिनी साँस्कृतिक नगरपालिकाको करार/राहत कोटामा शिक्षक नियुक्तिकालागि अपनाइने कार्यविधी २०७६"** रहेको छ ।

यो कार्यविधी तुरून्त प्रारम्भ हुनेछ ।

परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

"संविधान" भन्नाले नेपालको संविधान बुझ्नु पर्दछ ।

"शिक्षा ऐन" भन्नाले लुम्बिनी सांस्कृतिक नगरपालिकाको शिक्षा ऐन २०७५ सम्झनु पर्दछ ।

"कार्यालय" भन्नाले लुम्बिनी नगरकार्यपालिकाको कार्यालय भन्ने सम्झनु पर्दछ ।

"सामुदायिक विद्यालय" भन्नाले सामुदायिक स्रोत वा सरकारी अनुदानबाट सञ्चालित विद्यालय सम्झनु पर्दछ ।

"मदरसा" भन्नाले समुदायबाट सञ्चालित धार्मिक/परम्परागत विद्यालय सम्झनु पर्दछ ।

"विद्यालय व्यवस्थापन समिति" भन्नाले सामुदायिक वा मदरसा व्यवस्थापन गर्ने नियमानुसार गठन भएको समिति सम्झनु पर्दछ ।

"सिफारिस समिति" भन्नाले अस्थायी/करार/राहत शिक्षक वा



Scanned with CamScanner

बालविकास सहजकर्ता छनोट सिफारिस समिति बुझ्नु पर्दछ ।

“बालविकास सहजकर्ता” भन्नाले नेपाल सरकारबाट अनुदान पाउनेकार्यरत प्रारम्भिक बाल विकास कक्षामा सहजीकरण गर्ने सहजकर्ता सम्झनु पर्दछ ।

“करार शिक्षक” भन्नाले सामुदायिक विद्यालयको स्वीकृत दरबन्दीमा अस्थायी रूपमा कार्यरत शिक्षक वा विद्यालयले आफ्नै स्रोतबाट नियुक्ति गरेको अस्थायी रूपमा कार्यरत शिक्षक वा नेपाल सरकारबाट राहत अनुदानमा कार्यरत शिक्षकसम्झनुपर्दछ।

“शिक्षा समिति” भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिकाको नगर शिक्षा समिति सम्झनु पर्दछ ।

“शिक्षा शाखा” भन्नाले लुम्बिनी साँस्कृतिक नगरकार्यपालिकाको शिक्षा शाखा सम्झनु पर्दछ ।

**१. रिक्त पदको विज्ञापन सम्बन्धी व्यवस्थाः**

(१) विद्यालयले विद्यालय व्यवस्थापन समितिको निर्यण सहित शिक्षकको पद रिक्त भएको विवरण सो पद रिक्त भएको एक हप्ताभित्र नगरकार्यपालिकाको कार्यालय शिक्षा शाखालाई उपलब्ध गराउनु पर्नेछ ।

(२) शिक्षक सेवा आयोगमा माँग गरिएको स्वीकृत रिक्त दरबन्दीमा उक्त आयोगबाट सफल उम्मेदवारको नाम सिफारिस भै सकेको अवस्थामा कार्यालयले करार शिक्षक नियुक्ति परीक्षाको कारवाहीमा रोक लगाउन सक्नेछ ।

(३) शिक्षक नियुक्तिको लागि सिफारिस गर्न कार्यालयले



Scanned with CamScanner

सम्बन्धित विद्यालय व्यवस्थापन समितिका अध्यक्षको संयोजकत्वमा सम्बन्धित विद्यालयका प्रधानाध्यापक र शिक्षा अधिकृत सहीत तीन जना रहेको एक शिक्षक छनोट सिफारिस समिति गठन गर्नेछ ।

(४) सिफारिस समितिले विद्यालयबाट रिक्त शिक्षकको विवरण प्राप्त भएपछि शिक्षकको पद, तह, विषय, आवश्यक न्युनतम योग्यता, अध्यापन अनुमति पत्र,कार्य विवरण र अन्य आवश्यकीय विवरण सहित 15 दिनको म्याद तोकी रितपुर्वक खुला विज्ञापन मार्फत् करारमा शिक्षक आवश्यकताको आवेदन माँग गर्नेछ ।

(५) शिक्षक आवश्यकताको विज्ञापनको सूचना नगरकार्यपालिकाको कार्यालयको सूचना पाटीमा टाँस गर्ने लगायत स्थानीय पत्रपत्रिकामा समेत प्रकाशित गर्नु पर्नेछ ।

(६) शिक्षक सेवा आयोगले प्रकाशन गरेको करार सूचिमा रहेका उम्मेदावारको आवेदन परेको खण्डमा प्राथमिकताको आधारमा त्यस्ता व्यक्तिलाई सिफारिस समितिले करार शिक्षक नियुक्तिका लागि सिफारिस गर्नेछ ।

(७) शिक्षक सेवा आयोगको करार सुचिबाट कुनै पनि उम्मेदवारको आवेदन नपरेको खण्डमा अन्य स्वतन्त्र आवेदकहरूमध्ये बाट प्रतिष्पर्धाको आधारमा उम्मेदवार छनोट गरिनेछ ।

(८) पहिलो पटक प्रकाशित सूचनाको म्यादभित्र कुनै पनि



Scanned with CamScanner

दरखास्त पर्न नआएमा वा एक जनाको मात्र दरखास्त पर्न आएको खण्डमा पुनः दोस्रो पटक कम्तिमा सात दिनको म्याद राखी थप सूचना निकाल्नु पर्नेछ । दोस्रो पटकको सूचनामा पनि एक जनाको मात्र दरखास्त पर्न आएमा एक जनाको मात्र नियमानुसार परीक्षा सञ्चालन गर्नु पर्नेछ ।

**२. परीक्षा सञ्चालन तथा छनोट सम्बन्धी व्यवस्थाः**

(१) उम्मेदवारको प्रतिष्पर्धा संघीय/प्रादेशिक शिक्षक सेवा आयोगले अपनाउने गरेको कार्यविधी, अद्यावधिक पाठ्यक्रम र विशिष्टीकरण तालिकाका आधारमा लिखित, अन्तरवार्ता र आवश्यकतानुसार प्रयोगात्मक परीक्षा सञ्चालन गरी हुनेछ ।

(२) बालविकासका सहजकर्ता करारमा छनोटका लागि लिइने परीक्षा शिक्षक सेवा आयोगद्वारा प्रकाशित प्राथमिक तहको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम र योग्यताका आधारमा हुनेछ ।

(३) लिखित र अन्तरवार्ताका परीक्षाहरू कार्यालय वासिफारिस समितिले तोकेको परीक्षाअनुकुल उपयुक्त ठहरिएको स्थानमा सञ्चालन हुनेछ ।

(४) नगरपालिकाले प्रत्येक वर्ष विषय विज्ञहरूको कार्यशालाहरू मार्फत् शिक्षक सेवा आयोगले तयार गरेको पाठ्यक्रम



Scanned with CamScanner

र विशिष्टीकरण तालिकाबमोजिम विषयगतरूपमा बहु प्रश्नहरू तयार गरी प्रश्न बैङ्क तयार गर्न सक्नेछ ।प्रश्न बैंकको गोपनियता र सुरक्षण गर्ने दायित्व शिक्षा शाखा प्रमुखको हुनेछ ।

(५) नगरपालिकाले विविध शैक्षिक विषयमा परामर्श र प्राविधिक सेवा लिने प्रयोजनका लागि अद्यावधिक गरी राखेको विषय विज्ञहरूको सूची मध्येबाट गोला प्रथा द्वारा सम्बन्धित विषयको दुई जना विषय विज्ञ छनोट गरी बाटो म्याद बाहेक सामान्यतया परीक्षा सञ्चालन हुनु भन्दा दुई घण्टा अगाडि मात्र सिफारिस समितिलाई उपलब्ध गराउनेछ ।

(६) प्रश्न बैंक मार्फत प्रश्नपत्र तयार गर्नु पर्ने अवस्थामा नगरपालिकाले सामान्यतया बाटो समय बाहेक परीक्षा सञ्चालन हुनु भन्दा दुई घण्टा अगाडि मात्र गोला प्रथा द्वारा गोप्यरूपमा दुई जना विज्ञहरूको नाम चयन गरी सम्बन्धित विज्ञलाई नगरपालिका कार्यालयमा आमन्त्रण गर्नेछ र विज्ञहरूले परीक्षाको गोपनियता र मर्यादालाई कायम राखी विशिष्टकरण तालिकाबमोजिम हुने गरी प्रश्न बैङ्कबाट प्रश्नहरू छनोट तथा मोडरेसन गरी परीक्षा सञ्चालन गर्नेछन् ।

(७) उपनियम (४) र (६) मा जेसुकै लेखिएको भए तापनि कार्यशाला मार्फत् प्रश्न बैङ्क तयार नहुन्जेलसम्म का लागि सम्बन्धित विज्ञहरूबाट परीक्षा स्थान मा नै प्रश्नपत्र निर्माण गरी परीक्षा सञ्चालन गरिनेछ ।

(८) विज्ञहरूबाट परीक्षा र प्रश्नपत्रको गोपनियता र परीक्षाको



Scanned with CamScanner

मर्यादासम्बन्धी कुनै कैफियत देखिएमा त्यस्ता विज्ञहरूलाई कालो सूचीमा राख्ने तथा सूचीबाट हटाइनेछ ।

(९) परीक्षा सञ्चालन, प्रश्नपत्र निर्माण, उत्तरपुस्तिका परीक्षण र नतिजा प्रकाशन सम्बन्धी कार्यमा प्रतिस्पर्धात्मक परीक्षाको सामान्य सिद्धान्त र गोपनियताका प्रक्रियाहरू अपनाइनेछ ।

(१०) विभिन्न परीक्षाको उत्तीर्णाङ्क शिक्षक सेवा आयोगको परीक्षामा तोकिए बमोजिम हुनेछ ।

(११) लिखित परीक्षा, अन्तरवार्ता र आवश्यकतानुसार प्रयोगात्मक परीक्षाको अङ्कको कुलयोगको आधारमा अन्तिम नतिजा प्रकाशित गर्नु पर्दछ ।

**३. शिक्षक छनोट प्रक्रियाको अनुगमन रनियुक्ति सम्बन्धी व्यवस्थाः**

(१) शिक्षा शाखा प्रमुखबाट शिक्षक छनोट प्रक्रियाको अनुगमन तथा अडिट गरी परीक्षाफल प्रमाणित गरेपछि मात्र सिफारिस समितिले सफल उम्मेदवारको नाम नियुक्तिका लागि विद्यालय व्यवस्थापन समितिमा सिफारिस गर्नेछ ।

(२) सिफारिस समितिको सिफारिस बमोजिम सफल उम्मेदवारलाई विद्यालय व्यवस्थापन समितिले करार शिक्षक पदमा नियुक्ति दिनेछ ।

(३) कार्यालयले नियुक्ति समर्थन गरिसकेपछि मात्र करार नियुक्ति लागु हुनेछ ।नियुक्ति समर्थनको लागि समबन्धित



Scanned with CamScanner

उम्मेदवारले शिक्षा समितिले तोकिएबमोजिमको रकम नगरपालिकाको राजश्वमा जम्मा गर्नु पर्नेछ ।

**४. शिक्षकको सेवाका शर्त, सुविधा र जवाफदेहितासम्बन्धी व्यवस्थाः**

(१) करारमा नियुक्त शिक्षकले नेपाल सरकार तथा नगरपालिकाको नियमानुसार तलब सुविधा पाउनेछन ।

(२) करारमा नियुक्त शिक्षकहरू दैनिक कार्यसम्पादनका लागि प्रधानाध्यापक प्रति र शिक्षण कार्य वा विद्यार्थीको नतिजाका लागि विद्यार्थी र अभिभावक प्रति जवाफदेही हुनेछन । अनुशासन एवम आचार संहिता र समग्र गुणस्तरका लागि कार्यालय प्रति जवाफदेही हुनेछन ।

(३) विज्ञहरू र सिफारिस समितिका सदस्यहरूले तोकिएबमोजिम बैठक भत्ता र पारिश्रमिक पाउनेछन।

(४) शिक्षा समितिले तोकेबमोजिमको परीक्षा शुल्क, विज्ञको पारिश्रमिक वापतको रकम र सिफारिस समितिको बैठक भत्ता वापतको रकम सिफारिस समितिले आवेदकहरूबाट सङ्कलन गरी परीक्षा सञ्चालन र व्यवस्थापन गर्नेछ।

(५) परीक्षा सम्बन्धी आवश्यक कागजातहरू सुरक्षित राख्ने जिम्मेवारी सम्बन्धित प्रधानाध्यापकको हुनेछ ।

**५. शिक्षकको आचार संहिता, सजाय र पुनरावेदन सम्बन्धी व्यवस्थाः**

(१) करारमा नियुक्त शिक्षकले प्रचलित संघीय/प्रादेशिक/



Scanned with CamScanner

शिक्षा ऐन र नियमावली, स्थानीय सरकार सञ्चालन ऐन लगायतका अन्य सम्बन्धित कानुन, नियम/विनियम तथा कार्यविधि बमोजिम तयार गरिएको आचार संहिता पालन गर्नु पर्नेछ ।

(२) करारमा नियुक्त शिक्षकको कार्यसम्पादन र आचरण व्यवहार विद्यालय र शिक्षण सिकाइ प्रतिकुल भएमा चेतावनी दिने, स्पष्टीकरण सोधिने, गयल कट्टी गर्ने, अन्यत्र विद्यालय वा कार्यालयमा काजमा खटाउने, सरूवा गर्ने र चित्तबुझ्दो प्रमाणका आधारमा बरखास्त समेत गर्न सकिनेछ । तर यसरी सेवाबाट बरखास्त गर्नु भन्दा अगाडि निजलाई सफाई दिने अवसरबाट बञ्चित गरिने छैन ।

(३) करार शिक्षकलाई प्रधानाध्यापकले गरेको निर्णय उपर चित्त नबुझेमा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष समक्ष, विद्यालय व्यवस्थापन समितिले गरेको निर्णय उपर चित्त नबुझेमा शिक्षा शाखा प्रमुख समक्ष, शिक्षा प्रमुखले गरेको निर्यण उपर चित्त नबुझेमा प्रमुख प्रशासकीय अधिकृत समक्ष र प्रमुख प्रशासकीय अधिकृतले गरेको निर्णय उपर चित्त नबुझेमा नगरपालिकाको नगरप्रमुख समक्ष पुनरावेदन गर्न सकिनेछ ।

## ६. कार्यविधिमा संशोधन गर्ने व्यवस्थाः

(१) शिक्षक छनोटको कार्यलाई बढी वैज्ञानिक, पारदर्शी रमर्यादित बनाउने क्रममा तथा यस कार्यविधीका प्रावधानहरू अन्य सान्दर्भिक ऐननियमसँग बाझिएको खण्डमा नगर शिक्षा



Scanned with CamScanner

ऐनको परिधिभित्र रही नगर शिक्षा समितिको सिफारिसमा नगरपालिका बोर्डले यस कार्यविधीमा आवश्यकता अनुसार शंसोधन वा परिमार्जन गर्न सक्नेछ ।

आज्ञाले

शिव प्रसाद रेग्मी

प्रमुख प्रशासकीय अधिकृत

—— xxx ——

लुम्बिनी सांस्कृतिक राजपत्र

Scanned with CamScanner